बोलपत्र फाराम नं :

मूल्य रु. २५०००/-
(फिर्ता नहुने)

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## प्रधान कार्यालय, काठमाडौं ।

# चामल खरिदको बोलपत्र कागजात
## (२०८३/०८४)
## ठेक्का नं. ०३/चामल/२०८३/०८४

# बिषय सूची


१. बोलपत्र सूचना

२. बोलपत्र निवेदन फाराम

३. बोलपत्रदातालाई निर्देशन

४. संम्झौतापत्र (नमूना)

५. अनुसूची – १

६. अनुसूची – २

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको
चामल खरिद सम्बन्धि बोलपत्र आह्वानको सूचना
प्रकाशित मितिः २०८३/०६/२७

यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण,किसिम र निर्धारित गुणस्तर बमोजिमको चामल खरिद गर्नु पर्ने भएकोले स्थायि लेखा नं. PAN/VAT इजाजत प्राप्त इच्छुक मिल,फर्म,कम्पनी वा संस्थाहरुवाट तपशिलका शर्तहरुकको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र (Hardcopy Bidding) आव्हान गरिएको छ। कम्पनीले खरिद गर्ने चामलको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेको छ।

| क्र.सं. | चामल बुझाउने कार्यालय/स्थान | चामल को किसिम | कार्यालय अनुसारको परिमाण (क्वी.) | कुल परिमाण क्वी. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | प्रा.का. पोखरा | स्टिम जिरा मसिनो चामल | ८४० | ३२,७६० | ६६,८०,०००।- (छैसठ्ठी लाख असी हजार मात्र) | २५,०००।- (पच्चिस हजार मात्र) |
| २ | प्रा.का. थापाथली | | ४२०० | | | |
| ३ | प्रा.का. भैरहवा | | १०५० | | | |
| ४ | प्रा.का. विराटनगर | | २१०० | | | |
| ५ | प्रा.का. जनकपुर | | १०५० | | | |
| ६ | प्रा.का. धनगढी | | २१०० | | | |
| ७ | प्रा.का. सुर्खेत | | ६३०० | | | |
| ८ | मु.शा.का. लहान | | २५२० | | | |
| ९ | मु.शा.का. तुलसीपुर | | ६३० | | | |
| १० | मु.शा.का. विर्तामोड | | २५२० | | | |
| ११ | मु.शा.का. राजापुर | | २७३० | | | |
| १२ | मु.शा.का. नेपालगञ्ज | | २५२० | | | |
| १३ | शा.का. महेन्द्रनगर | | ६३० | | | |
| १४ | शा.का. वीरगञ्ज | | ३५७० | | | |

नोटः–

१. ईच्छुक बोलपत्रदाताले कम्पनीको प्रधान कार्यालय खरिद विभाग (खरिद एकाई) बाट र कम्पनीको वेभसाइट www.fmtc.org.np बाट समेत डाउनलोड गरी मिति २०८३/०७/१७ गते कार्यालय समयभित्र फिर्ता नहुने गरी बोलपत्र दस्तुर वापत रु. २५०००/-दाखिला गरी बोलपत्र कागजात खरिद गरि सक्नु पर्नेछ। मिति २०८३/०७/१७ कार्यालय समय पश्चात् बोलपत्र दस्तुर तिरी खरिद गरिएको बोलपत्र कागजात मान्य हुने छैन ।

२. बोलपत्रदाताले माथि उल्लेखित भए बमोजिमको बोलपत्र दस्तुर र बोलपत्र जमानत धरौटी रकम वापत रु. ६६,८०,०००/- यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा तोकिएको समय भित्रै जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य बैंकबाट खाद्य व्यवस्था तथा व्यापार

कम्पनी लिमिटेडको नाममा तोकिएको समय भित्रै जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिले ५ महिना अर्थात १५० दिन अवधि भएको नियमानुसारको बैंक जमानी पत्र संलग्न गर्नुपर्नेछ।

३ बोलपत्रदाताले मिति २०८३/०७/१८ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ र सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिनेछ ।

४. माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले १८० (एक सय असी) दिन भित्र बुझाउनु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

५. बोलपत्रदाताले बोलपत्र फारममा चामलको रकम कबुल गर्दा नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी सबै माथि उल्लेखित कार्यालयमा बुझाउन स्टिम जिरा चामलको कुल परिमाण ३२७६० क्वीन्टलको एकमुष्ठ रुपमा कबोलदर (प्रति क्वीन्टल रु.) उल्लेख गरि बोलपत्रको खाम बाहिर **"स्टिम जिरा चामल खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ। चामल खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको कार्य सम्पादन जमानत पेश गरी स्टिम जिरा चामल खरीद/बिक्री सम्झौता गर्नु पर्ने छ।

८. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १२० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

९. प्राप्त बोलपत्रहरुको सार्वजनिक खरिद ऐन २०६३( दोश्रो संशोधन ) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम मूल्याङ्कन गरि सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता छनौट गरिनेछ।

१०. बोलपत्रसाथ पेश गरिएका आवश्यक कागजात (फोटोकपी) को सक्कल प्रति यथाशिघ्र प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई) मा बुझाउनु पर्नेछ।

# बोलपत्र निवेदन फाराम

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय,
भद्रकाली प्लाजा, काठमाडौं।

१. त्यस कम्पनीबाट मिति २०८३।०६।२७ गतेको गोरखापत्रमा प्रकाशित चामल खरिद सम्वन्धि बोलपत्र आव्हानको सुचना अनुसार म/हामी बोलपत्र सम्बन्धी कागजातको अनुसूची १ मा उल्लेखित गुणस्तरको चामल कम्पनीलाई निम्न विवरणमा उल्लेख भए अनुसारको दरमा उपलब्ध गराउन/बिक्री गर्न मन्जुर भएकाले यो बोलपत्र निवेदन फाराम पेश गरेको छु/छौं।

खरिद गरिने चामलको विवरणः-

| क्र.सं. | चामल बुझाउने कार्यालय/स्थान | चामलको किसिम | कार्यालय अनुसारको परिमाण (क्वी.) | कुल परिमाण क्वी. | कम्पनीलाई विक्री गरिने चामलको एकमुष्ट कबोल दर प्रति क्वी. ने. रु. मा | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | प्रा.का. पोखरा | स्टिम जिरा मसिनो चामल | ८४० | ३२,७६० | | |
| २ | प्रा.का. थापाथली | | ४२०० | | | |
| ३ | प्रा.का. भैरहवा | | १०५० | | | |
| ४ | प्रा.का. विराटनगर | | २१०० | | | |
| ५ | प्रा.का. जनकपुर | | १०५० | | | |
| ६ | प्रा.का. धनगढी | | २१०० | | | |
| ७ | प्रा.का. सुर्खेत | | ६३०० | | | |
| ८ | मु.शा.का. लहान | | २५२० | | | |
| ९ | मु.शा.का. तुलसीपुर | | ६३० | | | |
| १० | मु.शा.का. विर्तामोड | | २५२० | | | |
| ११ | मु.शा.का. राजापुर | | २७३० | | | |
| १२ | मु.शा.का. नेपालगञ्ज | | २५२० | | | |
| १३ | शा.का. महेन्द्रनगर | | ६३० | | | |
| १४ | शा.का. वीरगञ्ज | | ३५७० | | | |

२. मैले/हामीले बोलपत्र सम्बन्धी कागजात अध्ययन गरे/गर्‍यौं। यसमा उल्लेखित सबै शर्तहरु म/हामीलाई स्वीकार्य छन् ।

३. बोलत्रपत्र जमानत वापत श्री ......................................बैंक ................. मा रु................................. जम्मा गरेको सक्कल भौचर / श्री.........................................बैंक ................................. ले श्री खाद्य व्यवस्था तथा व्यापारकम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको नाममा मिति .......................मा जारी गरेको नं.....................................को रु. ............................ को बैंक ग्यारेन्टी पत्र(Bid Bond) संलग्न राखेको छु/छौं ।

बोलपत्र साथ पेश गरेका कागजात विवरण

१)

२)

३)

४)

५)

बोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नाम :

ठेगाना :

प्रोप्राईटर/प्रतिनिधी :

मिति :

फोनं.नं :

इमेल :

पत्राचार गर्ने ठेगाना :

बोलपत्रदाताको छापः-

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि

खरिद एकाई प्रधान कार्यालय काठमाडौं।

बोलपत्रदातालाई निर्देशन तथा जानकारी

१. खरिद हुने चामल बुझाउनु पर्ने स्थान, चामलको किसिम, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुरः-

| क्र.सं. | चामल बुझाउने कार्यालय/स्थान | चामल को किसिम | कार्यालय अनुसारको परिमाण (क्वी.) | कुल परिमाण क्वी. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | प्रा.का. पोखरा | स्टिम जिरा मसिनो चामल | ८४० | ३२,७६० | ६६,८०,०००।- (छैसठ्ठी लाख असी हजार मात्र) | २५,०००।- (पच्चिस हजार मात्र) |
| २ | प्रा.का. थापाथली | | ४२०० | | | |
| ३ | प्रा.का. भैरहवा | | १०५० | | | |
| ४ | प्रा.का. विराटनगर | | २१०० | | | |
| ५ | प्रा.का. जनकपुर | | १०५० | | | |
| ६ | प्रा.का. धनगढी | | २१०० | | | |
| ७ | प्रा.का. सुर्खेत | | ६३०० | | | |
| ८ | मु.शा.का. लहान | | २५२० | | | |
| ९ | मु.शा.का. तुलसीपुर | | ६३० | | | |
| १० | मु.शा.का. विर्तामोड | | २५२० | | | |
| ११ | मु.शा.का. राजापुर | | २७३० | | | |
| १२ | मु.शा.का. नेपालगञ्ज | | २५२० | | | |
| १३ | शा.का. महेन्द्रनगर | | ६३० | | | |
| १४ | शा.का. वीरगञ्ज | | ३५७० | | | |

बोलपत्रदाताले बोलपत्र फारमबाट माथि तालिकामा उल्लेखित तोकिए बमोजिमको सम्पुर्ण चामल बुझाउने गरी विवरण भर्नु पर्नेछ ।कम्पनीको आवश्यकता अनुसार कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ।

२. कबुल गर्न पाइने चामल परिमाण :

बोलपत्रदाताले बोलपत्र फारमबाट माथि तालिकामा उल्लेखित तोकिए बमोजिमको सम्पुर्ण चामल बुझाउने गरी बोलपत्र पेश गर्नु पर्नेछ । तोकिएको चामलको एकमुष्ठ परिमाण भन्दा कम अर्थात आंशिक परिमाण बुझाउने गरी बोलपत्र पेश गर्न पाइने छैन।आंशिक परिमाण बुझाउने गरी पेश भएको बोलपत्र अस्वीकृत गरिनेछ।

३. चामल बुझाउने समय :

स्वीकृत वोलपत्रदाताले चामल खरिद/विक्री सम्झौता भएको १८० (एक सय असी) दिनभित्र सम्पूर्ण चामल बुझाई सक्नु पर्नेछ। यदि नवुझाएमा सम्झौता पत्रको बुंदा ८ मा उल्लेख भए अनुसार हुनेछ ।

४. अनिवार्य पेश गर्नु पर्ने कागजातः

बोलपत्रदाताले बोलपत्रसाथ निम्न कागजात पेश गर्नु पर्ने छ ।

क) ईजाजत प्राप्त मिल, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, (नविकरण गरेको हुनुपर्ने)

ख) स्थायी लेखा नम्बर PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी,

ग) आ.व.२०८२।०८३ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा म्याद थप सम्बन्धि आवश्यक कागजात

घ) बोलपत्रमा दस्तखत गर्ने व्यक्तिलाई दिएको अख्तियारनामा पत्र,

ङ) बोलपत्र दस्तुर वापतको बैंक भौचर तथा वोलपत्र जमानत वापत नगद धरौटी जम्मा गरेको बैंक भौचर वा कुनै (क) वर्गको वाणिज्य बैंकको बोलपत्र पेश गर्ने अन्तिम मितिले १५० दिन अवधिको बोलपत्र जमानत (Bid bond Guarantee)

च) खाद्य अनुज्ञापत्रको प्रतिलिपि (नविकरण सहित)।

छ) संयुक्त उपक्रमको तर्फवाट बोलपत्र पेश गरेको भए साझेदार वीचको सम्झौता पत्र,

ज) चामल खरिद/ विक्री कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, खाद्यान्न व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको र कालोसूचीमा नपरेको भनी बोलपत्रदाताले पेश गरेको घोषणापत्र,

५. <u>चामलको मूल्य :</u>

बोलपत्रदाताले कस्ती बोरा र खाली बोराको मूल्य समेत समावेश गरी चामल बुझाउनु पर्ने स्थानको मूल्य (Delivery Price) कबोल गर्नु पर्नेछ ।चामल बुझाउदा कम्पनीको कांटा (Weighting Bridge) भएको स्थानमा कांटा (Weighting Bridge) मा तौलेको बाहेक Unloading, तौलाई र चौकाई (Stacking)खर्च बिक्रेताले व्यहोर्नु पर्नेछ।

६. <u>मूल्य स्पष्ट लेख्नु पर्ने :</u>

बोलपत्रदाताले बोलपत्र फाराममा बिना केरमेट स्पष्टसंग बुझिने गरी अंक र अक्षरमा ने.रु. मा प्याकेजको लागि एकमुष्ट बिक्री मूल्य लेख्नु पर्नेछ।यदि अंक र अक्षरमा फरक मूल्य लेखिन गएको अवस्थामा अक्षरमा लेखिएको मूल्यलाई मान्यता दिइनेछ।

७. <u>बोलपत्र पेश गर्ने बिधि :</u>

बोलपत्र पेश गर्दा बोलपत्र निवेदन फारममा आधिकारिक व्यक्तिले सही छाप गरी पेश गर्नु पर्नेछ। यसरी पेश गर्दा बोलपत्र राखेको खाम बाहिर " **स्टिम जिरा चामल सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका कागजात राखी खाम शिलबन्दी गर्नुपर्नेछ। कम्पनीले विक्री गरेको प्रमाणित बोलपत्र कागजात सेट मात्र मान्य हुन्छ। साथै सम्बन्धित व्यक्ति, फर्म संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र भरी पेश गर्नु पर्नेछ ।

८. <u>बोलपत्र सम्वन्धी कागजातका विषयहरु :</u>

बोलपत्र सम्वन्धी कागजातमा देहायमा उल्लेखित कागजात रहने छन् ।

क) बोलपत्र आव्हानको सूचना।

ख) बोलपत्र निवेदन फाराम।

ग) बोलपत्रदातालाई निर्देशन।

घ) खरिद सम्झौता पत्रको नमूना।

ङ) चामलको गुणस्तर सम्वन्धी विवरण।

च) चामलको प्याकिङ्ग मार्किङ्ग सम्वन्धी विवरण।

छ) बोराको विवरण

९. <u>बोलपत्र पेश गर्ने र खोल्ने समय :</u>

बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहीछाप गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत मिति २०८३/०७/१८ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ र सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिनेछ ।

१०. <u>बोलपत्र मान्य हुने अवधि :</u>

बोलपत्र मान्य हुने अवधि **(Validity Period)** बोलपत्र पेश गर्ने अन्तिम मिति अर्थात मिति २०८३/०७/१८ देखि १२० दिन सम्म हुनेछ। बोलपत्र खोली सकेपछि कुनै पनि बोलपत्रदाताले आफुले कवोल गरेको अंक फेरवदल गर्न दिएको निवेदन मान्य हुने छैन।

११. बोलपत्र जमानत (Bid Security)

बोलपत्रदाताले बोलपत्रसाथ यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१, KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा जम्मा गरेको सक्कलै भौचर वा नेपालको "क" वर्गको कुनै वाणिज्य बैंकबाट कम्पनीका नाममा जारी भएको बोलपत्र मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अर्थात बोलपत्र खोलेको मितिले कम्तिमा १५० दिन अवधि (Validity) भएको नियमानुसारको बैंक जमानीपत्र (bank guarantee )संलग्न गर्नु पर्ने छ। बोलपत्र जमानत देहायको अवस्थामा जफत हुनेछ –

क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समयपछि बोलपत्र मान्य हुने अवधिभित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

ख) बोलपत्रमा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा,

ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्त वमोजिम खरिद सम्झौता नगरेमा,

घ) बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित कार्य सम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्यादभित्र दिन नसकेमा,

ङ) बोलपत्र परीक्षणको सिलसिलामा कम्पनीले माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

च) प्रचलित कानून वमोजिम बोलपत्रदाताले आचरण विपरित काम गरी कालो सूचीमा राखिएमा।

१२. चामलको गुणस्तर (Quality Standard) :

कम्पनीले खरिद गर्ने चामलको गुणस्तर (Quality Standard) संलग्न अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

१३. कार्य सम्पादन जमानत (Performance Security)

बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र चामल खरिद/बिक्री संझौता गर्ने चामलको (प्र.क्वी.) को सम्झौता गर्ने मूल्यले कुल परिमाणको हुने रकमको ५% यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१, KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको रकम कुनै "क" वर्गको बाणिज्य बैंकले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय काठमाण्डौंको नाममा जारी गरेको संझौताको मिति देखि कम्तिमा १२ (बाह्र) महिना अवधि (Validity) को नियमानुसारको बैंक जमानीपत्र (Performance Bond) पेश गरी सम्झौता गर्नु पर्नेछ। यदि सम्झौता वमोजिम कम्पनीलाई चामल नबुझाएमा सम्झौतामा उल्लेखित शर्त वमोजिम कार्य सम्पादन जमानत रकम जफत गरिनेछ। सो सम्बन्धमा विक्रेताले कुनै उजुर बाजुर गर्न पाउने छैन।

१४. प्याकिङ्ग/मार्किङ्ग :

चामलको प्याकिङ्ग/मार्किङ्ग संलग्न **अनुसूची २ मा** उल्लेख भए अनुसार हुनु पर्नेछ। प्याकिङ्ग/ मार्किङ्ग व्यवस्था विक्रेता स्वयमले गर्नु पर्नेछ। सम्झौता वमोजिम कूल परिमाण चामल प्याकिङ्ग गर्न लागेको कूल बोरा संख्याको २(दुई)% थप खाली बोरा कम्पनीलाई अलग उपलव्ध गराउनु पर्नेछ। सो नगरेमा प्रति बोरा रु ३५ का दरले हर्जाना लाग्नेछ।

१५. कर व्यवस्था :

कम्पनीलाई बिक्री गर्ने चामल सम्बन्धी लाग्ने सम्पूर्ण कर बिक्रेता स्वयमले व्यहोर्नु पर्नेछ ।

१६. <u>गुणस्तर परीक्षण :</u>

चामलको तथा सो प्याकिङ्ग गरिने बोराको गुणस्तर परीक्षण चामल बुझिलिने कार्यालयले गर्नेछ। गुणस्तर परीक्षण गर्दा निर्धारित गुणस्तर (अनुसूची-१)/(अनुसूची-२) भित्र नपरेको चामल/बोरा बिक्रेताले फिर्ता लैजानु पर्नेछ।

१७. <u>तौल र अवस्थाको निरीक्षण :</u>

चामलको तौल, भर्ति बोराको अवस्था र बोरामा छाप (**Marking**) आदिको निरीक्षण चामल बुझिलिने कार्यालयले गर्नेछ।

१८. <u>बोलपत्र स्वीकृति :</u>

बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीसंग सुरक्षित रहनेछ। स्वीकृत बोलपत्रदाताले कम्पनीले स्वीकृत गरे अनुसार परिमाणको खरिद बिक्री सम्झौता गर्नु पर्नेछ। अपुरो, अनियमित र शर्त थप भै पेश भएका बोलपत्रहरु स्वतः रद्द गरिनेछन्। स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको **१५** दिनभित्र चामल खरिद/बिक्री सम्झौता गरी सक्नु पर्नेछ।

१९. <u>भुक्तानी :</u>

बिक्रेताले निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग्न आएमा भुक्तानी मांग गरेको **१५** दिन भित्र चामल बुझीलिने कार्यालयको सिफारिशमा प्रधान कार्यालयले नियमानुसार कट्टी गर्नु पर्ने रकम कटाई भुक्तानी दिनु पर्ने कूल रकममा रिटेन्सन मनी वापत **५%** रकम कट्टा **गरी ९५%** रकम भुक्तानी दिनेछ ।

क) बिक्रेताको बिक्री बिलको मूल प्रति ।

ख) कम्पनीको माल प्राप्ती रिर्पोटको मूल प्रति ।

ग) गुणस्तर परिक्षण रिर्पोटको मूल प्रति ।

रिटेन्सन मनी वापत कट्टा भएको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण चामल बुझाई सकेपछि क्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिइनेछ र बांकी ५०% रकम बिक्रेताले सम्वन्धित **आन्तरिक राजस्व कार्यालयबाट** आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिइनेछ। कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन। चामलको भुक्तानी नेट वेट (Net Weight) को आधारमा मात्र गरिनेछ।

२०. <u>आपत कालिन व्यवस्था :</u>

युद्ध, बन्द, चक्काजाम, हडताल, तालाबन्दी, बिद्रोह,बाढीपहिरो, भूकम्प,महामारी आदि काबु बाहिरका कारणले बिक्रेताले आंशिक वा पूर्ण रुपले सम्झौता बमोजिम चामल बुझाउन नसकेको अवस्थामा कम्पनी र बिक्रेताको आपसि सहमतिको आधारमा गरिएको निर्णय दुवै पक्षको लागि मान्य हुनेछ।

२१ <u>बोलपत्रदाताको योग्यता :</u>

बोलपत्रदाताले खरिद सम्झौता गर्न बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरे बमोजिम योग्यता पुरा गरेको हुनु पर्नेछ ।

२२. <u>मूल्य उल्लेख गर्ने मुद्रा :</u>

बोलपत्रदाताले नेपाली रुपैयाँमा कवोल गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

२३. <u>बोलपत्र मूल्याङ्कन गर्ने आधार :</u>

सार्वजनिक खरिद ऐन, २०६३(दोश्रो संशोधन), सार्वजनिक खरिद नियमावली, २०६४(संशोधित) र खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा नेपालको प्रचलित कानुन अनुसार बोलपत्र मूल्याङ्कन गरिनेछ।

२४. कारवाही :

स्वार्थ बाझिने **(Conflict of Interest)** भएमा त्यस्ता बोलपत्र उपर कारवाही हुने छैन। यस्तै जालसाजी वा भ्रष्टाचार गरेमा प्रचलित नेपाल कानून बमोजिम कारवाही हुनेछ।

२५. पुनरावलोकन वा निवेदन दिन सकिने :

बोलपत्रदाताले, कम्पनीले बोलपत्र सम्वन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय विरुद्ध नियमानुसार पुनरावलोकनको लागि निवेदन दिन सक्ने छन्।

२६. बोलपत्र सम्वन्धी शर्त :

सार्वजनिक खरिद ऐन, २०६३(दोश्रो संशोधन), सार्वजनिक खरिद नियमावली, २०६४(संशोधित) र खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा नेपालको प्रचलित कानून अनुसार हुने छन् ।

२७. पत्राचार वा सम्पर्क :

कम्पनीसंग बोलपत्र सम्बन्धी सम्बाद वा पत्राचार गर्नु परेमा निम्न ठेगानामा गर्नु पर्ने छ।

खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौ फोन नं. ०१५३६०८४४

**website: www.fmtc.org.np,Email:procurement@fmtc.org.np**

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
# प्रधान कार्यालय, काठमाडौं

र

............................

का

वीच सम्पन्न

चामल

खरिद/बिक्री सम्वन्धी

## *सम्झौता पत्र*

*मिति :-*

*आ.व. २०८३/२०८४*

# विषय सूची


१) चामलको किसिम, परिमाण, बुझाउनु पर्ने स्थान र समय तालिका

२) चामलको गुणस्तर

३) प्याकिङ्ग र मार्किङ्ग

४) चामलको मूल्य

५) भुक्तानी

६) कर व्यवस्था

७) कार्य सम्पादन जमानत

८) शर्त उलंघन, हर्जाना असुली र धरौटी जफत

९) आपतकालिन व्यवस्था

१०) विविध

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

## प्रधान कार्यालय, काठमाडौ

### चामल खरिद/विक्री सम्वन्धी सम्झौता पत्र

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौं (जसलाई यसपछि यो सम्झौता, पत्रमा "कम्पनी" भनी सम्वोधन गरिएको छ) र श्री ............................. (जसलाई यसपछि यो सम्झौता पत्रमा "विक्रेता" भनी सम्वोधन गरिएको छ) का वीच ...................... चामल खरिद/विक्री सम्वन्धमा दुवै पक्षको सहमतिले देहायमा उल्लेखित शर्त अनुसार गर्ने गरी आज मिति ....................गतेका दिन कम्पनीको प्रधान कार्यालयमा बसी साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

१. <u>चामलको किसिम, परिमाण, बुझाउनु पर्ने स्थान र समय तालिका :</u>

१.१ कम्पनीले विक्रेतावाट तपशिलको परिमाण चामल .........................कार्यालय................मा खरिद गर्नेछ ।

क)..........................................................................................................................

ख)..........................................................................................................................

ग)..........................................................................................................................

१.२ उक्त सम्पूर्ण परिमाण चामल विक्रेताले कम्पनीको..................... कार्यालय..................... स्थित गोदाममा यो सम्झौता भएको मितिले १८० (एक सय असी) दिन भित्र बुझाउनु पर्नेछ।

१.३ कम्पनीको आवश्यकतालाई हेरी बुझाउनु पर्ने परिमाणमा थप घट गर्न सकिने छ। यसरी परिमाण थप भएमा दुई पक्षीय सहमतिमा बुझाउने मनासिव समय आपसी सहमतिमा थप गरिने छ ।

२. <u>चामलको गुणस्तर :-</u>

२.१ कम्पनीले विक्रेतावाट खरिद गर्ने अरुवा सोना मन्सुली चामलको गुणस्तर निम्न बमोजिम हुनेछ :

| <u>फ्याक्टरहरु</u> | <u>अधिकतम सीमा प्रतिशतमा **(Maximum permissible limit in %)**</u> |
|---|---|
| चिस्यान **(Moisture content)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| बाह्य पदार्थ **(Foreign matter)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| कनिका **(Broken)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| विग्रेको दाना **(Damage grain)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| रङ्ग उडेको दाना **(Discolour grain)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| रातो र चक्की **(Red and chalky)** | (अनुसूची १मा उल्लेख भए बमोजिम) |
| गुणस्तर सम्बन्धी अन्य विवरण | (अनुसूची १मा उल्लेख भए बमोजिम) |

२.२ चामलको गुणस्तर परीक्षण कम्पनीले गर्नेछ। परीक्षण पश्चात गुणस्तरभित्र पाइएको चामल मात्र कम्पनीले बुझी लिनेछ।यदि गुणस्तरभित्र नपरेमा यस्तो चामल विक्रेताले तुरुन्त फिर्ता लैजानु पर्नेछ।

३. <u>प्याकिङ्ग / मार्किङ्ग :-</u>

३.१ विक्रेताले निम्न बमोजिम उल्लेख भए अनुसार चामलको प्याकिङ्ग/मार्किङ्ग गर्नेछ। साथै कुटानी भएको कम्तिमा ६ घण्टा पछि मात्र चामल प्याकिङ्ग गर्नु पर्नेछ।

(क) बोरामा लगाउने मार्का : (अनुसूची २ मा उल्लेख भए बमोजिम)

(ख) प्याकिङ्ग बिबरण : (अनुसूची २ मा उल्लेख भए बमोजिम)

३.२ उपरोक्त बमोजिम प्याकिङ्ग/मार्किङ्ग नभएको चामल कम्पनीले बुझी लिने छैन ।

३.३ चामलको प्याकिङ्ग/मार्किङ्ग खर्च विक्रेताले व्यहोर्ने छ ।

३.४ विक्रेताले कूल परिमाण चामल प्याकिङ्ग गर्न लागेको कूल बोरा संख्याको २(दुई) % थप खाली बोरा अलग कम्पनीलाई उपलव्ध गराउने छ । सो नगरेमा प्रति बोरा रु.३५।- का दरले हर्जाना लाग्नेछ।

४. <u>चामलको मूल्य :-</u>

४.१ कम्पनीले विक्रेतावाट खरिद गर्ने तपशिलको चामल कम्पनीको तपशिलको गोदाममा बुझाउने मूल्य (Godown Delivery Price) वोरा सहित तपशिलका दरले हुनेछ।

<u>तपशिल</u>

| क्र.सं. | चामल बुझाउने कार्यालय/स्थान | चामलको किसिम | कार्यालय अनुसारको परिमाण (क्वी.) | कुल परिमाण क्वी. | कम्पनीलाई विक्री गरिने चामलको एकमुष्ट कबोल दर प्रति क्वी. ने. रु. मा | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | प्रा.का. पोखरा | स्टिम जिरा मसिनो चामल | ८४० | ३२,७६० | | |
| २ | प्रा.का. थापाथली | | ४२०० | | | |
| ३ | प्रा.का. भैरहवा | | १०५० | | | |
| ४ | प्रा.का. विराटनगर | | २१०० | | | |
| ५ | प्रा.का. जनकपुर | | १०५० | | | |
| ६ | प्रा.का. धनगढी | | २१०० | | | |
| ७ | प्रा.का. सुर्खेत | | ६३०० | | | |
| ८ | मु.शा.का. लहान | | २५२० | | | |
| ९ | मु.शा.का. तुलसीपुर | | ६३० | | | |
| १० | मु.शा.का. विर्तामोड | | २५२० | | | |
| ११ | मु.शा.का. राजापुर | | २७३० | | | |
| १२ | मु.शा.का. नेपालगञ्ज | | २५२० | | | |
| १३ | शा.का. महेन्द्रनगर | | ६३० | | | |
| १४ | शा.का. वीरगञ्ज | | ३५७० | | | |

४.२ कम्पनीलाई चामल बुझाउँदा लोडिङ्ग/अनलोडिङ्ग, तौलाई, चौकाई आदि सम्वन्धी सम्पूर्ण खर्च विक्रेताले व्यहोर्नु पर्नेछ। तर कम्पनीको **Weighing Bridge** मा तौलाई गरेकोमा सो वापत भाडा लाग्ने छैन ।

५. <u>भुक्तानी :-</u>

५.१ कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन ।

५.२ विक्रेताले आफूले बुझाएको परिमाण चामलको निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ।

(क) विक्रेताको विक्री बिलको मूल प्रति,

(ख) कम्पनीको माल प्राप्ती रिपोर्टको मूल प्रति ।

(ग) गुणस्तर परीक्षण रिपोर्टको मूल प्रति ।

यसरी भुक्तानी माग गरेको १५ (पन्ध्र) दिनभित्र कम्पनीको चामल बुझ्ने कार्यालयले नियमानुसार कट्टी गर्नुपर्ने रकम कटाई भुक्तानी दिनु पर्ने कूल रकमबाट रिटेन्सन मनी वापत ५% रकम कट्टा गरी ९५% रकम भुक्तानी दिनेछ ।

५.३ कम्पनीले चामल बुझी सकेपछि विक्रेतालाई अविलम्व माल प्राप्ति रिपोर्ट र गुणस्तर परिक्षण रिपोर्ट उपलव्ध गराउने छ ।

५.४ कम्पनीले रिटेन्सनमनी वापत कट्टी भएको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण चामल बुझाई सकेपछि विक्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिनेछ र बांकी ५०% रकम बिक्रेताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनेछ ।

६. <u>कर व्यवस्था :-</u>

६.१ कम्पनीलाई विक्री गर्ने चामल सम्वन्धी लाग्ने सम्पूर्ण कर विक्रेताले व्यहोर्ने छ ।

६.२ कम्पनीलाई चामल विक्री गर्दा विक्रेताले कानून बमोजिम लाग्ने सवै कर भुक्तानी गर्नु पर्नेछ।

७. <u>कार्य सम्पादन जमानत (**Performance security**) :-</u>

७.१ विक्रेताले यो सम्झौताको कार्य सम्पादन जमानत (धरौटी) वापत श्री ...................................... ले मिति २०८३। । मा कम्पनीको नाममा जारी गरेको रु..........................को हद म्याद................ सम्म रहेको बैंक जमानीपत्र (**Performance Bond**) /नगद रू. ............................अक्षरेपी .................................................................... राखेको छ ।

७.२ विक्रेताले कम्पनीलाई यो सम्झौता बमोजिम बुझाउनु पर्ने सम्पूर्ण चामल बुझाई सकेपछि कम्पनीले ३० दिनभित्र विक्रेताको बैंक जमानीपत्र (**Performance Bond**) फुकुवा गर्नेछ ।

८. <u>शर्त उल्लंघन, हर्जाना, असुली र धरौटी जफत :-</u>

८.१ विक्रेताले कम्पनीलाई यो सम्झौता भएको मितिले १८०(एक सय असी) दिन भित्र सम्पूर्ण चामल बुझाउनु पर्नेछ। नबुझाएमा देहाय बमोजिम हुनेछ ।

(क) यो सम्झौता भएको मितिले १८०(एक सय असी) दिन पछि थप १ महिना सम्म ०.५० (पचास पैसा) प्रति क्वी. प्रति दिनका दरले र सो पश्चात थप ३० दिन सम्म रु. १/- (एक रुपैयाँ) प्रति क्वी. प्रति दिनका दरले हर्जाना असुल गरी चामल बुझ्ने छ। तर काबु बाहिरको परिस्थिति परी वा विक्रेताको कुनै गल्ती वा लापरबाही नभई चामल बुझाउन ढिला भएको हो भन्ने कम्पनीलाई लागेमा विना हर्जाना पनि चामल बुझ्न सक्नेछ।

(ख) माथि बुँदा ८.१ (क) मा उल्लेखित अवधिमा पनि बुझाउन बाँकी सम्पूर्ण परिमाण चामल नबुझाएमा बुझाउन बाँकी जति परिमाणको कम्पनीले अन्य श्रोतवाट खरिद गर्दा, यसै सम्झौता अनुसारको खरिद विक्री मूल्य भन्दा वढी/थप लाग्ने रकम विक्रेताको यस कम्पनीमा रहेको दिन बाँकी रकम, रिटेन्सन मनी, धरौटी आदिवाट असुल उपर गरी हिसाव फर/फारक गर्नेछ।

८.२ कम्पनीले विक्रेतावाट ८.१ अनुसार हर्जाना असुल गर्नुपर्ने भएमा चामलको मुल्य रकमबाट वा विक्रेतालाई भुक्तानी गर्न बाँकी ५% रकम वा कार्य सम्पादन जमानत वापत राखेको नगद धरौटी/बैंक जमानीपत्र (**Performance Bond**) रकमवाट असुल गर्नेछ ।

८.३ माथि बुँदा ८.१ र ८.२ मा जुनसुकै कुरा लेखिएको भएता पनि विक्रेताले आफ्नो हेल चेक्याई नभई अन्य काबु बाहिरको कारणले गर्दा ढिलाई भएको भनी मनासिव कारण देखाई म्याद थप गर्न निवेदन दिएमा कम्पनीले परिस्थिति अनुरुप हर्जाना सहित वा बिना हर्जाना म्याद थप गर्न सक्नेछ। विक्रेताले म्याद थपको लागि मनासिव

कारण खुलाई काम पुरा गर्नुपर्ने अवधि समाप्त हुनु भन्दा अगावै नियमानुसार कम्पनीमा म्याद थपको लागि निवेदन दिनु पर्नेछ।

८.४ माथि बुँदाहरुमा उल्लेखित व्यहोराले बुंदा १.३ मा उल्लेख भए अनुसारको समय थप गर्न कुनै बाधा पर्ने छैन।

९. <u>आपतकालिन व्यवस्था :</u>

युद्ध, बन्द, चक्काजाम, हड्ताल, तालावन्दी, नागरिक विद्रोह, बाढी पहिरो, भूकम्प, हिमपात, महामारी आदि कावु वाहिरका कारणले आँशिक वा पूर्ण रुपले सम्झौता कार्यान्वयनमा व्यवधान उत्पन्न हुन गएमा त्यस्तो अवस्थामा दुवै पक्षको आपसी प्रयासवाट उपयुक्त सहमति बनाइ म्याद थप गर्न सकिनेछ ।

१०. <u>विविध :-</u>

१०.१ यो सम्झौताका कुनै एक वा एक भन्दा वढी शर्त कार्यान्वयन सम्वन्धमा विवाद उत्पन्न भएमा दुवै पक्ष बसी आपसी सहमतिवाट विवादको टुङ्गो लगाइनेछ। यसरी विवादको टुङ्गो नलागेमा सार्वजनिक खरिद नियमावली, २०६४ को विवाद समाधान सम्वन्धी व्यवस्थामा उल्लेखित प्रावधान अनुरुप टुंगो लगाइने छ।

१०.२ यो सम्झौताको कुनै एक वा एकभन्दा वढी शर्त संशोधन गर्न आवश्यक भएको भनी दुवै पक्ष सहमत भएमा दुवै पक्षको लिखित सहमतिवाट संशोधन गर्न सकिनेछ ।

१०.३ यो सम्झौताको म्याद सम्झौता भएको मितिले ८ महिना सम्म कायम रहनेछ ।

१०.४ यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३(दोश्रो संशोधन) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित), खरिद तथा आर्थिक प्रशासन सम्बन्धि विनियमावली, २०७९ तथा प्रचलित नेपाल कानून बमोजिम हुने छन् ।

११.<u>खाद्यवस्तु बुझाउने तालिका:</u> यो संझौता बमोजिमको चामल तपशिलको समय भित्र बुझाउनु पर्नेछ ।

क. पहिलो (५० दिन) भित्र संझौताको कूल परिमाणको न्यूनतम ३०% मा नघट्ने गरी ।

ख. दोश्रो (५० दिन) भित्र संझौताको कूल परिमाणको न्यूनतम ३०% मा नघट्ने गरी ।

ग. तेस्रो (४० दिन) भित्र संझौताको कूल परिमाणको न्यूनतम ३०% मा नघट्ने गरी।

घ. चौथो (४० दिन) भित्र बाँकी रहेको सबै परिमाण बुझाउने।

**बोलपत्रदाताको तर्फवाट :-**

मिल फर्म, संस्था वा कम्पनीको नाम :

प्रो. वा प्रतिनिधीको नाम :

दस्तखत :

फोन/मोबाईल नं/ इमेल :

**साक्षी :**

नाम :

दस्तखत :

मोबाईल नं :

**कम्पनीको तर्फवाट :-**

नाम :

पद :

दस्तखत :

फोन/मोबाईल नं/ इमेल :

**साक्षी :**

नाम :

दस्तखत :

मोबाईल नं :

ईति सम्वत् २०८३ साल ......................... महिना ........................ गते ........... रोज शुभम् ।

मिति २०८३।  ।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
..................... कार्यालय,
....................................... ।

बिषय :- घोषणापत्र पेश गरेको बारे ।

उपरोक्त सम्बन्धमा आर्थिक बर्ष २०८३।०८४ मा बिभिन्न कार्यालयको लागि चामल खरिद/बिक्री गर्नका लागि बोलपत्र आव्हान भए अनुसार चामल खरिद बिक्रीका लागि यस कम्पनीले बोलपत्र पेश गरेको छु/छौ। उक्त कार्यका लागि यो फर्म/कम्पनी अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, कालो सूचीमा नपरेको, चामल खरिद बिक्री व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी घोषणा गर्दछु/गर्दछौ।

भबदीय

कम्पनीको नाम:-

ठेगाना:-

प्रोपाईटरको नाम :-

दस्तखत:-

मिति:-

फर्म/कम्पनीको छाप:-

# अनुसुचि-१

कम्पनीले खरिद गर्ने चामलको स्पेशिफिकेसन देहाय बमोजिमको हुनुपर्नेछ।

स्टिम जिरा मसिनो चामल

| सिनं. | गुणस्तर फयाक्टर (Quality Parameters) | अधिकतम सीमा (Maximum Permissible Limit)% |
|---|---|---|
| १ | चिस्यान ( Moisture content ) | १३.० |
| २ | बाह्य पदार्थ (Foreign matter) | ०.२ |
| ३ | कनिका (Broken) | ७.० |
| ४ | बिग्रेको दाना (Damage grain) | १.० |
| ५ | रंग उडेको दाना (Discolour grain) | २.० |
| ६ | रातो र चक्की दाना (Red and chalky grain) | ५.० |
| ७ | अन्य चामलको मिश्रण (Mixed Lower class) | ७.० |
| ८ | Partially Gelatinized | 1.0 |
| ९ | Pecks | 0.5 |

अरुवास्टिम जिरा मसिनो चामलको गुणस्तर परीक्षण गर्दा माथि लेखिएका अतिरिक्त देहायका कुराहरु / समेत अवलम्बन गरिनेछ।

- लम्बाई ६.० मि देखि.मि ५.२ मिमि सम्म.
- चौडाई मि सम्म.मि २.१ मि देखि.मि १.६
- लम्बाई३.५-२.६ चौडाई/
- सग्लो ग्राम सम्म हुने। ११.५० ग्राम देखि ९.५० दानाको तौल १०००

नोटः- उल्लेखित स्वीकार्यहद भित्र रहेको चामल जिउँदो किरा रहित)एकहन,राम्रोसंग पोलिस भएको,uniform) सफा, ढुसि नपरेकोकुनै अवाञ्छित, गन्ध नभएको, मानव उपयोगका लागि योग्य हुनु पर्नेछ।

माथि उल्लेखित चामल ताजा बालीको धानबाट उत्पादित हुनुको साथै एकहन )**Unifrom)**सफा, जिउंदो किरा रहित, ढुसी नपरेको, कुनै अबान्छित गन्ध नभएको तथा राम्रो पोलिस भई मानव उपभोगको लागि योग्य हुनु पर्नेछ।

चामलको गुणस्तर सम्बन्धमा उल्लेखित शब्दावलीको परिभाषाः-

१ .Foreign matter –:अजैविक वस्तु (Inorganic matter)जस्तै रोडा, ढुङ्गा, माटो, बालुवा तथा जैविक वस्तु Organic matter) जस्तै पराल, साफ (Chaff) झारपातको दाना लगायत अन्य अखाद्य दाना साथै धान तथा सिंगो दाना )Full kernel) को ८ भागको १ भाग १)/८भन्दा कम आकारको कनिका।

२ .Whole rice:- सिंगो दाना वा सिंगो दानाको टुक्रा जसको लम्वाई नटुक्रिएको दाना (Unbroken kernel) को औषत लम्वाईको तीन चौथाई ३)/४भन्दा वढी भएको।

३ .Broken:- सिंगो दाना )Full kernel) को तीन चौथाई ३)/४बराबर वा सो (ो भन्दा सानो आकारको दाना।

४ .Shrivelled/Immature:- नपाकेको वा अविकसित सग्लो दाना वा कनिका।

५ .Damaged:- किरा, पानी, ढुसी, फङगी, ताप वा यस्तै वस्तुले स्पष्ट रुपमा क्षति पुऱ्याएको सग्लो दाना वा कनिका साथै तातिएको कारणले डिस्कलर जस्तै देखिने मिसिएको उसिना चामलको दाना।

६ .Discolored: -सामान्य रंग )Normal color) स्पष्ट रुपमा वदलिएको सग्लो दाना वा कनिका साथै तातिएको कारणले गाढा पहेंलो देखिने चामलको दाना।

७ .Red: -२५ प्रतिशत वा सो भन्दा वढी सतही भाग रातो देखिने सग्लो दाना वा कनिका।

८ .Chalky: -आधा वा सो भन्दा वढी चक जस्तै सेतो भएको सग्लो दाना वा कनिका।

९. Pecks: -चामलको आधा वा सम्पूर्ण भाग कालो भई डढेको।

१०. Partially Gelatinized-: आंशिक रुपमा Gelatinized र पूर्ण रुपमा स्टिम नभएको।

# अनुसचि-२

कम्पनीले खरिद गर्ने स्टिम जिरा चामलको बोराको स्पेशिफिकेसन देहाय बमोजिमको हुनुपर्नेछ।

१) स्टिम जिरा मसिनो चामल भर्तिको लागि २५ के.जि. क्षमताको बोराको **Specification**

साइज १९"×२७"

प्रति बोरा तौल: ७० ग्रा. ±२ (वा सो भन्दा बढी)

(Both side laminated BOPP woven bag with both outer sides Multi-color Digital Print and Transparent on both adjacent sides)